"राष्ट्रियता लोकतन्त्र समाजवाद "देश विकासमा युवाको हात"

# नेपाली जनसम्पर्क समिति - मलेसिया
**Nepalese People Coordination Committee - Malaysia**

पत्र सं: मिति:

चलानी नं:

२८ मार्च २०२५

महामहिम राजदुत डा. नेत्रप्रसाद तिम्सिनाज्यू
नेपाली राजदुतावास, क्वालालम्पुर
मलेसिया ।

**विषय :- ध्यानाकर्षण तथा कार्यान्वयनका सम्बन्धमा ।**

महामहिमज्यू,

मलेशियाका लागि नेपाली राजदूतमा नियुक्त हुनु भएकोमा सर्वप्रथम नेपाली जनसम्पर्क समिति मलेसियाको तर्फबाट हार्दिक बधाइ एवं शुभकामना व्यक्त गर्दछौं ।

देशभित्र पर्याप्त रोजगारी सिर्जना हुन नसकेका कारण तीन दशकदेखि नेपालीहरू वैदेशिक रोजगारीमा जाने क्रम निरन्तर छ । रोजगारीका लागि विदेशिने श्रमिकहरुमा एक तिहाई भन्दा वढी नेपालीहरु मलेशियामा कार्यरत छन् । मलेशियामा कार्यरत नेपालीहरुले पठाएको रेमिटेन्सले मुलुकको अर्थतन्त्रमा उल्लेखनीय टेवा दिएको छ । रोजगारीका क्रममा धेरै नेपालीहरुले दुःख, कष्ट, व्यवधानहरु पनि वेहोर्न वाध्य भएका छन् । त्यसतर्फ राज्य र यहाँ संगठित रुपमा रहेका संघ संस्थाहरुको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । सरकारी तहमा नेपाली दूतावासको भूमिका त झन वढी हुन्छ । नेपाली श्रमिकहरुले भोग्नु परेको समस्याहरुका सम्वन्धमा नेपाली दूतावास संवेदनशील छ भन्ने विश्वासका साथ नवनियुक्त महामहिमज्यूको कार्यकालमा दूतावासले अझ वढी प्रभावकारी कार्यहरु सम्पन्न गर्नेछ भन्ने हामीले अपेक्षा राखेका छौं ।

नेपाली जनसम्पर्क समिति मलेशिया विगत लामो समयदेखि नेपालीहरूको हकहितका लागि क्रियाशील रहँदै नेपाली श्रमिकहरूका विभिन्न समस्याहरुमा सहयोग पुऱ्याउँदै आइरहेको छ । उनीहरुको सुख, दुःखमा सदैव साथ दिइरहेको छ । विभिन्न संघ संस्था र दूतावासको प्रयासका वावजुद पनि कतिपय विषयहरु गम्भीर छन् । त्यसलाई सहज वनाउँदै नेपाली श्रमिकको हकहित र अधिकारका पक्षमा एकतावद्ध भई अगाडि वढ्नु पर्ने अवस्था विद्यमान छ । तसर्थ, यसका लागि केही सुधारको पहल गर्न आवश्यक छ । यिनै विषयवस्तुमा केन्द्रीत रहँदै नेपाली

RECEIVED
2 MAR 2025
Embassy of Nepal
Received
28/03/2025

जनसम्पर्क समितिको तर्फबाट निम्न लिखित विषयमा ध्यानाकर्षण गराउँदै कार्यान्वयनका लागि समेत आग्रह गर्न चाहन्छौ ।

१) नेपाली दुतावास र मलेशियामा रहेका सबै नेपाली संघ संगठनहरु बीच समय समयमा अन्तरक्रिया, छलफल र संवादको वातावरण निर्माण गरियोस् ।

२) मलेशियामा कार्यरत श्रमिकहरुले काम गर्दा के कस्ता प्रकारका बिमाहरु पाउने गर्छन् ? Socso, Insurance र २४ घण्टे Insurance का विषयमा आम श्रमिकले बुझ्ने भाषामा स्पष्ट जानकारी उपलब्ध गराइयोस् ।

३) नेपाली श्रमिकहरूको लागि नेपाली दूतावासमा एक अलग 'श्रमिक डेस्क' राखियोस्, जसले गर्दा उनीहरूले सजिलो र सहज तरिकाले आफ्ना समस्याहरु प्रस्तुत गर्न सकून् ।

४) पासपोर्ट नभएका नेपालीहरूलाई नेपाली दूतावासबाट जारी गरिने एक पृष्ठको 'ट्राभल डकुमेन्ट' निःशुल्क उपलब्ध गराइयोस् ।

५) वैदेशिक रोजगारीको लागि नेपालीहरुको प्रमुख गन्तव्य मलेशिया हो । यहां ठूलो संख्यामा नेपालीहरु कार्यरत रहेका छन् । रोजगारीको सिलसिलामा कतिपयले आश्रय गृह (shelter house) को अभावमा ठूलो समस्या भोग्नु परेको छ । आपत र विपत्तमा परेका ती श्रमिकहरुलाई रोजगारी गरिरहेको स्थान नजिक वा धेरै व्यक्तिलाई सहज हुने स्थानमा आश्रय गृह (shelter house) बनाउन आवश्यक र अपरिहार्य छ । यस विषयमा नेपाली जनसम्पर्क समितिले धेरैपटक दुतावासको ध्यानाकर्षण गराएको पनि छ । त्यसैले, मलेशियाको कानून बमोजिम दुतावासको मातहत र अनुगमनमा संचालन हुने गरी आश्रय गृह (shelter house) खोल्ने व्यवस्था गरियोस् ।

६) नेपाली जनसम्पर्क समितिले २०१६/१२/०९ देखि मलेशियामा समस्यामा परेका नेपाली श्रमिकहरूलाई फ्री टिकेट उपलब्ध गराउँदै आएको छ । यस समितिको अलवा अन्य संघ संस्थाहरुले पनि सहयोग गर्दै आएका छन् । यस सन्दर्भमा नेपाल सरकारको तर्फबाट यो विषयमा नेपाली दूतावासलाई बजेट विनियोजन गरिएको छ भन्ने सुन्नमा आएकोले कुन–

पत्र सं:                                                                 मिति:

चलानी नं:

कुन शीर्षकमा कति बजेट छुट्याइएको छ, नेपाली श्रमिकहरुले यो सुविधा उपभोग गर्न के कस्ता प्रकृया अपनाउनु पर्छ। स्पष्ट जानकारीका लागि अनुरोध गर्दछौं।

७) मलेशिया जेलमा रहेका नेपाली श्रमिकहरूको जानकारी मलेशिया सरकारले नेपाली दूतावासलाई अवश्य पनि गराएकै हुन्छ। दूतावासलाई प्राप्त यस्ता सूचनाहरु तुरुन्त तिनीहरूको परिवारलाई जानकारी गराइने व्यवस्था गरियोस्। उनीहरुलाई जेलमुक्त गर्न दूतावासले मलेशियन सरकारसँग तत्काल कुटनीतिक पहल गरोस् भन्ने हाम्रो आग्रह रहेको छ।

८) मलेशियामा वेवारिसे अवस्थामा रहेका पहिचान खुलेका नेपाली नागरिकका आफन्त खोजी गरी अविलम्व उद्धार गरियोस्।

९) दूतावासमा कर्मचारीहरू ढोका बन्द गरेर वस्ने र वाहिर अन्य सेवाग्राहीलाई लामो समयसम्म पर्खाइमा राख्ने गुनासाहरु बढ्दै गएको देखिएको छ। यसलाई मध्येनजर गरी आवश्यक सुधार गर्न, भविष्यमा यस्ता गुनासाहरु नआउने वातावरण सिर्जना गर्न र सेवाग्राहीलाई सहज र सरल ढंगले सेवा प्रदान गर्न दूतावासले तत्काल आवश्यक कदम चाल्नका लागि अनुरोध गर्दछौं।

१०) सेवाग्राहीको सहजीकरणका लागि दूतावासका कर्मचारीहरूको आफ्नो कार्य क्षेत्र र जिम्मेवारी प्रकट गर्ने नेमप्लेट राखियोस्।

११) मलेशियामा रहेको नेपाली दूतावासको आफ्नै जग्गामा भवन निर्माणको कार्य शुरु गरियोस्।

१२) हाल विभिन्न सामाजिक सञ्जालमा देखिएका समाचारहरु हेर्दा र सुन्दा मलेशिया रोजगारीलाई syndicate लगाउने भन्ने खवरहरु आइरहेका छन्। यसको वास्तविकता के हो ? दूतावासले यसलाई कसरी हेरिरहेको छ र यो विषयमा दुतावास किन मौन छ ? स्पष्ट जानकारी उपलव्ध गराइयोस्।



CamScanner

# नेपाली जनसम्पर्क समिति - मलेसिया
## Nepalese People Co-ordination Committee - Malaysia

पत्र सं:                                                   मिति:

चलानी नं:

अन्तमा, नेपाली जनसम्पर्क समिति मलेसियाले आगामी दिनहरुमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नको लागि योजना बनाइरहेको छ । यसै सन्दर्भमा मलेशियामा रहेका नेपालीहरुको सहजताका लागि जनसम्पर्क समितिले निकट दिनमा hotline सेवा संचालन गर्दैछ र hotline number सार्वजनिक गर्ने कार्यक्रमसमेत रहेको जानकारी गराउन चाहन्छौं । दूतावास परिवारले कसैलाई काखा, कसैलाई पाखा नगरीकन निष्पक्ष ढंगले सहज रुपमा सेवा उपलब्ध गराउन मलेशियामा कार्यरत सम्पूर्ण नेपालीहरूको अभिभावकको रूपमा दूतावासले सघाउने कुरामा हामी आशावादी छौं । यही अपेक्षा सहित यहाँहरु सवैलाई धन्यवाद व्यक्त गर्दछौं । साथै, महामहिमज्यूको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

जय नेपाल !

हरि कोइराला
**महामन्त्री**
नेपाली जनसम्पर्क समिति, मलेशिया

28/03/25
चोमाकान्त पंगेनी
**अध्यक्ष**
नेपाली जनसम्पर्क समिति, मलेशिया

**बोधार्थ :**

(१) श्री सभापतिज्यू, नेपाली कांग्रेस केन्द्रीय कार्यालय ।
(२) श्री प्रमुखज्यू, नेपाली जनसम्पर्क समिति समन्वय विभाग, नेपाली कांग्रेस ।
(३) माननीय मन्त्रीज्यू, परराष्ट्र मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
(४) माननीय मन्त्रीज्यू, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।





CamScanner